"पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔ सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"

पञ्चकन्या गाउँपालिका

गाउँ सभाको १४ औं अधिवेशनमा प्रस्तुत

आ.व. २०८०/०८१ को

# नीति तथा कार्यक्रम



पञ्चकन्या गाउँपालिका

लाकुरीभञ्ज्याङ, नुवाकोट

विक्रम संवत् २०८० साल असार १० गते

**आदरणीय सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई आफ्नो अमूल्य सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सबै सरोकारवालाहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विशेष गरी यस गाउँपालिकाको भूमिबाट **केशव राज पाण्डे, राम प्रसाद पाण्डे, समुन्द्र मल्ल ठकुरी (अजित), मधुकर राई, सुमन तमाङ (दिपेस), पुण्डरी नेपाली, सुनिल कुमार तमाङ, गौरी सिटौला, पुरुषोत्तम खतिवडा, शिव शरण भारती, श्रीकृष्ण राई, रामशरण नेपाली, ईश्वर थापा, अर्जुन पन्त** लगायतका १४ जना योद्धाहरुको बलिदान हाम्रो सामु जिवितै छ। ती महान् शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै बेपत्ता, घाईते तथा अपाङ्ग योद्धाहरुमा उच्च सम्मान प्रकट गर्दछु। राज्य संघीयतामा प्रवेश गरे पश्चात भएको पहिलो स्थानीय तहको निर्वाचन र दोस्रो स्थानीय तहको निर्वाचनबाट यस स्थानीय तहको कार्यकारी भूमीकाको नेतृत्व गर्ने अवसर मलाई प्राप्त भयो । आज गाउँपालिकाको गाउँसभाको १४**औं अधिवेशन** मार्फत नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सम्बोधन गर्न पाउँदा आफुलाई भाग्यमानी सम्झेको छु। यो अवसरको लागि आफ्नो अमूल्य मतद्धारा विजय गराई पञ्चकन्या गाउँपालिकाको पुनःनेतृत्वदायी भूमिकामा पदासिन गराउनुहुने आम पञ्चकन्या वासी मतदाताहरु प्रति यो **औपचारीक कार्यक्रम मार्फत धन्यवाद व्यक्त गर्न चाहान्छु ।**

१. **"पर्यटन, पूर्वाधार र कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान ! !" नारा** सहित यस गाउँपालिकालाई सुन्दर र समुन्नत गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँ वासीको आकांक्षा र हामीले निर्वाचनका क्रममा जनता प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।

२. स्थानीय सरकारले आफ्नो पालिकाको समग्र विकास र सेवा प्रवाहको लागि नवीन र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो। नेपालको संविधान, संघ, प्रदेश तथा यस गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो विकास लक्ष्यको मार्ग चित्र, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानूनी प्रावधान लगायत सम्पूर्ण सरोकारवाल पक्षहरुको सुझाव समेतका आधारमा समृद्ध पञ्चकन्या निर्माण गर्ने संकल्पका साथ आगमी आ.व.२०८० /८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

**३.अब, म चालु आ.व. २०७९/०८०को हालसम्मको प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

## क) भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म **९ कि.मि.** पक्कि सडक, **५३.५** कि.मि. ग्राभेल सडक,**१४२** कि.मि. कच्ची सडक रहेकोछ।गाउँपालिका सबै वडामा सडकको पहुँच पुगेकोछ।गाउँपालिका भित्रका विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत बर्षयाममा गाडी चल्ने सडक पूर्वाधार विस्तार भएको छ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएको छ।

**खानेपानीः**

यस वर्ष वानियाटार सिमरा वृहत खानेपानी योजना, र जैसी गाउँ खत्री वेशी फुर्केसल्ला वृहत खानेपानी योजना सम्पन्न हुने क्रममा रहको छ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल खेतीयोग्य जमिनको करिव **४५% भू**-भाग अर्थात **१५१६** हेक्टरमा सिंचाइ सुविधा उपलब्ध छ। मूहानहरुको पहिचान, संरक्षण, अभिलेखीकरण र दर्ताका कार्यहरु व्यवस्थित गरिएको छ ।

## ख) सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी :

गाउँपालिका भित्र रहेका **३०** वटा सामुदायिक र **१** संस्थागत विद्यालयहरुलाई व्यवस्थित वनाउने प्रयास जारी छ।गाउँपालिकामा रहेको **१०** शैय्याको अस्पताल निर्माणकार्य तीव्र गतिमा अगाडी बढीरहेको छ।कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण कार्यलाई प्राथमिकता दिइएको छ।एकाध विद्यालय बाहेक अन्य सबै सामुदायिक विद्यालयका भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ।पूर्वाधार तयारी पश्चात विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा समयानुकुल शैक्षिक विधि र प्रविधि प्रयोग गरिरहेका छौ।रुम टु रिड, रुडेक नेपाल र पालिकाको सहकार्य, साझेदारीमा सञ्चालित साक्षता कार्यक्रमले विद्यालयको शैक्षिक गुणस्तरमा देखिने गरी सुधार ल्याएको छ। गुड नेवर्स इन्टरनेशनल मार्फत करिब ६ सय भन्दा

बढी विद्यार्थीहरुले छात्रावृत्ती पाएका छन्। सामुदायिक तथा ग्रामिण विकास समाज नेपाल,नुवाकोटबाट विद्यालयको दिवा खाजा कार्यक्रममा सहयोग भएको छ ।

**ग) आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी :**

हाल सम्म यस गाउँपालिकामा कुल भू-भागको **६३.०२%** अर्थात **३३७९** हेक्टर खेतियोग्य जमिन रहेको छ र छोटा तथा लामा गरि **३५** वटा कृषि सडक निर्माण भएको छ। गाउँपालिका भित्र रहेको कृषि सहकारी संस्थाको अनुगमन गरी व्यवसायीक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ। गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरू **घ्याङस्वारा पर्यटकीय पार्क, नाटेश्वरी, कपिलेश्वर महादेव,राक्षेश्वर, खड्कुले छाँगो, टोड्के भञ्ज्याङ तथा चमेरो गुफा** को संरक्षण र प्रर्वधन गर्ने कामलाइ व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ। रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ।

यस गाउँपालिका बाट १४ जना शहीदले परिवर्तकान लागि गर्नुभएको वलिदानलाई कदर गर्दै शहिदहरुको स्मरण रहने गरी घ्याङस्वारामा सहिद शालिक निर्माण गरि अनावरण गर्ने कार्य सम्पन्न गरिएको छ। गाउँपालिका र ग्रामिण स्वावलम्बन विकास केन्द्रले गत वर्ष बानियाटारका किसानलाई अभिप्रेरित गरी २८ लाख भन्दा बढीको तर्बुजा बिक्रि गर्न तथा आँपचौरका किसान लाई ५ लाख भन्दा बढी बोडी र कुभिन्डो विक्री गराउँन सफल भई कृषकको आयआर्जनमा टेवा पुऱ्याएको छ ।

**घ) वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन :**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित, उद्यम र पर्यटनको विस्तार गरिएको छ। गाउँपालिका भित्र रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ।

**ङ) सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धीहरु :**

गाउँपालिकाले ४२ **वटा ऐन, नियम, कार्यविधि, र मापदण्ड**हरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। वस्ति विकासको लागि नीति तर्जुमाको तयारी गरेको छ। गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA) मा ५९.७५ अंक** प्राप्त गरेको छ। यसै गरी स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(FRA ) मा** ४६.५ प्राप्त गरेको छ। राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

४. संघीयताको मर्मलाई आत्मसात गरी लोकतन्त्रका लाभलाई जनतासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस स्थानीय सरकारको दोस्रो कार्यालकाको दोस्रो बर्षको यस गाउँपालिकाको विषयगत एवं क्षेत्रगतमा आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## १) आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुः

**क) कृषिः**

- गाउँपालिका क्षेत्रभित्रको खेतियोग्य जमिनमा थप सिंचाई सुविधा उपलब्ध गराउन जोड दिइनेछ।
- **"जग्गा बाँझो नराखौं, कृषि कर्मलाई सम्मान गरौं"** भन्ने सोच अनुरुप बाँझो जमिन राख्ने प्रवृत्तिलाई निरुत्साहित जोड दिइनेछ।
- कृषि तथा पशु पालन सम्वन्धी प्राविधिक परामर्श उपलब्ध गराउन प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।
- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकीकरण, यान्त्रिकीकरण र बजारीकरणमा जोड दिईनेछ। कृषकहरुलाई आधुनिक कृषि औजार उपलब्ध गराईनेछ।
- विषादी रहित प्राङ्गारिक खेती तथा व्यवसायिक खेतीलाई प्रोत्साहन दिँदै बाली बीमा कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषकहरुलाई आधुनिक नगदेबाली तथा फलफूल खेती तर्फ प्रोत्सान गर्न स्थानीय स्तरमै कृषि उपज हाट बजार केन्द्रको स्थापनामा जोड दिइनेछ।
- युवा लक्षित कार्याक्रमलाई जोड दिदै नमूना कृषि फर्महरुको संख्या वृद्धि गरिनेछ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्याङ्क अध्यावधिक गरिनेछ।
- गाउँपालिकाको क्षेत्रमा फलफूल तथा तरकारी संकलन केन्द्र स्थापना गर्नेमा जोड दिईनेछ।
- पञ्चकन्या गाउँपालिकामा अनुकुल समयमा उत्पादन हुने अदुवा, चिया, कफी, किवि, सुन्तला, कागती, आलु, अलैंची, धान, मकै, गहुँ, कोदो लगायतका बाली उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- सामुहिक खेती, करार खेतीको अवधारणालाई कार्यरुपमा उतारिने छ।
- गाउँपालिका भित्र रहेको कृषि फार्महरुलाई अनिवार्य दर्ताको प्रक्रियामा ल्याईने छ।
- कृषकलाई तरकारी लगायत अन्य बालीहरुमा आत्मनिर्भर बनाउने अभिप्रायले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकामा विरुवा रोपण अभियान कार्यक्रम सञ्चालन गरि कृषकलाई फलफूलको विरुवामा अनुदान प्रदान गरिनेछ।
- बाली रोगहरुवाट बालीलाई मुक्त बनाई स्वस्थ बाली उत्पादन प्रवर्द्धनका लागि बाली शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

- उत्कृष्ट किसान छनौट गरी कृषि पेशा व्यवसायलाई सम्मान गर्न किसान सम्मान कार्यक्रम गरिनेछ।
- व्यावसायिक रुपमा कृषि पेशालाई निरन्तरता दिन गाउँपालिका भित्रका कृषक समूह एवं कृषि सहकारीलाई तरकारी खेती, फलफूल खेती, सम्बन्धी वडा स्तरिय क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका कृषि शाखाको मातहतमा रहने गरि गाउँपालिका भित्रका कृषकहरुको खेतबारीको माटो जाँचका लागि माटो ल्यावको स्थापना गरिनेछ ।
- कृषिलाई आधुनिकीकरण तर्फ डोऱ्याउन तालिम, उन्नत विउविजन वितरण, यान्त्रीकरणको पहुँच विस्तार जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ।
- कृषकका उत्पादनहरुलाई बजार सम्म पहुँच विस्तार गर्न **"कृषि एम्वुलेन्स सेवा"** संचालनको तयारी गरिने छ।
- कृषि बजारको पहुँच नहुने कृषकले आफ्ना उत्पादनहरु फ्याक्नुपर्ने अवस्थाको अन्त्यका लागि कृषि उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण गर्न आवश्यक पहल गरिने छ।
- यस आर्थिक वर्षमा कृषि उपज बृद्धिको लागि आवश्यक पर्ने रसायनिक मलको कारोवार गर्ने यस गाउँपालिका भित्रका मापदण्ड पुरा गर्ने सहकारी संस्थाहरुको स्थानीय समिति मार्फत मूल्य निर्धारण, अनुगमन, निरीक्षण गरी मल वितरण कार्यलाई थप प्रभावकारी बनाइने छ।
- सरोकारवाला सँग साझेदारी र सहकार्यमा मागमा आधारित कृषि कार्यक्रमहरु संचालन गरिने छ।
- कृषि उब्जनीमा हानी नोक्सानी गर्ने वन्यजन्तु आतंकलाई नियन्त्रण गर्ने उपायका लागि कार्यक्रम ल्याएको छ। जसको लागि अदुवा, बेसार र सिस्नु जस्ता खेती गरी वन्यजन्तु आतंक रोकथामको लागि प्रोत्साहन गरिने छ।

ख) **सिंचाईः**

- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत संभार गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।
- गाउँपालिकाका कृषि योग्य भूमीमा सिंचाईको लागि श्रोतको खोजी गर्दै नहर, कूलोवाट सिंचाई हुननसक्ने स्थानमा लिफ्ट सिंचाई, प्लास्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रुपमा सिंचाई सुविधा पुऱ्याइनेछ।
- सम्भावित नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्दै जाने नीति अवलम्बन गरिनेछ।
- खेतियोग्य जमिनको लागि सिंचाई पाइपहरु वितरण गर्दै आइरहेको र यसलाई निरन्तरता दिइने छ।

**ग) पशुपन्छीः**

- पशुपालनलाई आयस्रोतको माध्यम बनाउदै कृषकहरुको आफ्नो उत्पादनलाई सहकारी मार्फत विक्रि वितरण गरेमा दुध बेच्ने कृषकले सहकारीलाई दुध विक्रि गरेमा मापदण्ड अनुसार विक्रिमा अनुदान प्रदान गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- **पशु सेवा शाखा र प्रत्येक वडामा रहेका पशु सेवा केन्द्र मार्फत पशु स्वास्थ्य परामर्श र आधारभूत** रुपमा आवश्यकता पर्ने औषधि उपलब्ध गराइनेछ।
- **पशुपन्छीमा लाग्ने माहामारी रोगको रोकथामको लागि खोपका कार्यक्रम**हरु संचालन गरिनेछ।
- कृषि तथा पशुपंन्छी सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- **गाई, भैसि र बाख्राको उन्नत नश्ल बृद्धि गरी आयआर्जन समेत बृद्धि गर्न कृत्रिम गर्भधारणको कार्यक्रम**लाई निरन्तरता दिईनेछ।
- **पशु बीमाको कार्यक्रम**लाई निरन्तरता दिइनेछ।
- गाई,भैसि,बाख्रा,वुंगुर तथा कुखुरा पालन प्रवर्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**घ) उद्योग तथा वाणिज्यः**

- **गाउँपालिकामा उद्योग व्यवसायको प्रबर्द्धन गर्न उद्यममैत्री कार्यक्रम** सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा संचालित व्यवसायिक फर्महरुको दर्ता तथा नवीकरण कार्यलाई प्रोत्साहन गरिने छ।
- सार्वजनिक निजी साझेदारी नीतिको अबलम्बन गर्दै निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने योजनाहरु करार सम्झौता गरी कार्यान्वयनमा ल्याईने छ ।
- गाउँपालिका क्षेत्र भित्रका श्रोत र साधनको खोजी गरी भौतिक पूवार्धार निर्माण कार्यमा स्थानीय कच्चा पदार्थ प्रयोगमा ल्याउन जोड दिईने छ ।
- बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईने छ ।
- उद्योग धन्दा स्थापना हुँदाको बखत स्थानीय तहमा लाग्ने शुल्कमा केही प्रतिशत छुट दिने व्यवस्था गरिने छ।
- रोजगारमुलक उद्योग धन्दालाई प्रोत्साहन गरिने छ।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरि गाउँमा उद्योगको विकास र विस्तार गरी उत्पादित वस्तु तथा सेवाको बजारका लागि प्रोत्साहनको प्रवन्ध गरिने छ।

**ङ) पर्यटन तथा संस्कृति :**

- **"आफ्नो काम आफ्नो रोजगार, कृषी र पर्यटन हाम्रो आधार"** भन्ने नारा सहित कृषि र पर्यटन क्षेत्रलाई पञ्चकन्या गाउँपालिकाको रोजगारी एवं विकासको आधार बनाइने छ।
- घ्याङस्वारा पर्यटकीय क्षेत्र, कपिलेश्वर महादेव, कातिकेश्वर, जालपादेवी, रुद्रदेवी, कुण्डला, नाटेश्वर, शिद्धेश्वर, राक्क्षेश्वर,चमेरो गुफा,ब्रहम क्षेत्र, खड्कुले छाँगो, त्रिवेणीधाम, शिवालय, भुमेस्थान, मंगलादेवी मन्दिर, सुन्दरादेवी, जलेश्वर महादेव,दुप्चेश्वर मन्दिर, पञ्चकन्या मन्दिर, सप्तकन्या मन्दिर, कालिका मन्दिर लगायतका पर्यटकीय क्षेत्रलाई थप व्यवस्थित बनाईने छ।
- वि.पी.स्मारक पार्क निमार्ण गरि पर्यटन प्रवर्धनमा जोड दिईने छ।
- घ्याङस्वारा पर्यटकीय क्षेत्रमा रहेको पाहुना घरलाई थप ब्यवस्थीत र प्रभाकारी बनाईने छ।
- घ्याङस्वारामा जिपलाइन, भ्यूटावर संचालनको लागि संभाव्यता अध्ययन गरिने छ।
- नव प्रर्वदनकारी युवा तथा अन्य उद्यमी र बैदेशिक रोजगारबाट फर्कनु भएका अनुभवी तथा सीपयुक्त उद्यमशिल युवाहरुलाई पर्यटन तथा उद्यम व्यवसाय सुरु गर्न प्रोत्साहन गरिनेछ। पर्यटन तथा उद्यम व्यवसाय गर्न टोल विकास संस्था मार्फत क्षमता विकास प्रविधि हस्तान्तरण, वित्तिय पहुँच र बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र रहको पर्यटकीय क्षेत्रहरुमा घरबास (**Home Stay**) कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- लोकल मदिरा ब्रान्डीङ तथा बजार व्यवस्थापन गरी पालिकाको राजश्व सुधारमा जोड दिइनेछ।
- गाउँपालिकाभित्र रहको सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगको नीति तर्जुमा गरी निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी गाउँको आय बृद्धि गर्ने नीति अवलम्बन गरिने छ।
- प्राकृतिक तथा सांस्कृतिक विविधताको विकास गरी पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ।
- पर्यटन गुरुयोजना तथा पर्यटकीय नक्सा तयार गरिने छ।गुरुयोजनाको आधारमा पालिकाभित्र रहेका घ्याङस्वारा पर्यटकीय पार्क तथा अन्य धार्मिक एंवम सास्कृतिक पर्यटकीय स्थलहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रचार प्रसार गरी महत्वपूर्ण गन्तव्यका रुपमा विकास गरिनेछ।विभिन्न भाषामा पालिकाको परिचय समेटी दस्तावेज तयार गरिने छ।
- नेपाल पर्यटन वोर्ड सँग सहलगानीमा पर्यटनका कार्यक्रम सञ्चालनमा विस्तार गरिनेछ।
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विकास, प्रर्वधन र विस्तारको लागि विशेष योजना सञ्चालन गरिनेछ।
- **गाउँपालिका भित्र रहेको साँस्कृतिक सम्दाहरुको संरक्षण तथा संवर्दन गर्ने नीति लिईने छ।**
- गाउँपालिका भित्र बासोवास गर्ने विभिन्न जातजातिहरुको भाषा, कला, संस्कृति तथा धर्म संरक्षणको लागि विभिन्न कार्यक्रम ल्याइने छ।
- विविधता वीचको एकता कायम गर्दै विविध सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ।

- **जनजातिहरुको भेषभुषा र संस्कृतिको संरक्षण गर्न आवश्यक कार्यक्रम** संचालन गरिने छ । कार्यालयमा र विद्यालयमा हप्ताको एक दिन स्थानीय मौलिक पोशाक लगाउने कार्यक्रम तर्जुमा गरिने छ ।
- कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रर्वधन गर्न आवश्यक तालिम, प्रतियोगिता जस्ता कार्यक्रमहरुको शुरुवात गरिनेछ ।
- गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठमन्दिर, गुम्बा,चर्च,मजित, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, अन्तिम दाह संस्कार गर्ने स्थान लगायतका सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षण गरिनेछ।
- अन्तर पालिका सम्वन्ध प्रवर्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासहरुलाई अनुशरण गरी पर्यटन प्रवर्धन गर्न राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा भगिनी सम्बन्ध राखिनेछ ।

**च) भूमी व्यवस्था तथा सहकारीः**

- भूमी वर्गिकरण गरी भूमिको व्यवस्थापन मार्फत कृषिको व्यवसायीकरण र आधुनीकरण गरिने छ।
- **जगगाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने नीति** लिइनेछ ।
- सहकारी क्षेत्रको विकास र प्रर्वधन गर्दै सहकारीहरुको ब्यवसायीकरणमा जोड दिईने छ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तिय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- **गाउँपालिका भित्र रहेका सहकारीले वार्षिक रुपमा कम्तिमा एक सहकारी एक सामाजिक कार्यक्रम** गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी संस्थाको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ।
- निक्षेपकर्ताको हित संरक्षणका लागि सहकारी संस्थाहरु संस्थागत सुशासनमा ध्यान दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ-संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु सञ्चालन गरी गरिवी र बेरोजगारी हटाउने कार्यको आरम्भ गरिनेछ ।
- सहकारीका पदाधिकारी र व्यवस्थापक लाई तालिम सञ्चालन गरी सहकारी संस्थाहरुलाई थप व्यवस्थित वनाई संस्थागत बनाईने छ।

**छ) श्रम तथा रोजगार :**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आवद्ध गरी यथार्थ उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक अयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।
- **"श्रमको सम्मान, पञ्चकन्याको अभियान"** भन्ने नाराका साथ गाउँपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस गा.पा. का बेरोजगारको सूचीमा सूचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ।
- **"कामको मान् हाम्रो सान"** भन्ने भावनाको जागृत गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन गर्न नीति अवलम्बन गरिनेछ।
- रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ।
- **वैदेशिक रोजगार बोर्डवाट प्रदान गरिने कल्याणकारी सेवाहरु कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधि उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा, कानुनी प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान गर्ने, बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायता आदि सेवाहरु बोर्ड संगको समन्वयमा संचालन भई रहेको कार्यलाई थप प्रभावकारी** बनाईने छ।
- **"कोही भन्दा छैन् कम, पालिकाको लागि एक दिन श्रम"** भन्ने नारा सहित यस गाउँपालिकामा रहेका **जनप्रतिनिधि र कर्मचारीलाई वर्षमा १ दिन विकास निर्माणका लागि श्रमदान गर्नुपर्ने** नीति लिइने छ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रर्वधन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपमुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आवद्ध गरी यथार्थ उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ। यसका लागि रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ।

- पालिका स्तरीय योजनाहरु कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई काममा लगाईने छ।
- पालिका क्षेत्रमा कार्यरत मजदुरहरुको दक्षता, सीप र अनुभवको आधारमा अभिलेखन गरी श्रम बैङ्कको स्थापना गरिनेछ। श्रम बैङ्कमा सूचीकृत मजदुरहरुलाई उनीहरुको दक्षता, सीप र अनुभवको आधारमा निजी तथा गैरसरकारी क्षेत्रसंगको समन्वयमा काममा लगाउने व्यवस्था मिलाईने छ।
- **गाउँपालिका रोजगार रणनीति,२०८० तर्जुमा** गरिने छ।
- गाउँबाट विदेशमा गएका नेपालीहरुको ज्ञान, सीप, प्रविधि, पूँजि र सोचलाई गाउँपालिकाको विकासमा उपयोग गरिने छ।

## (२) सामाजिक विकास

### क) जनस्वास्थ्य तथा पोषण :

- **"सुरक्षित सुत्केरी - सुरक्षित आमा, सुरक्षित जन्म वर्थिङ सेन्टर"** को अभियान सञ्चान गरी यस गाउपालिकालाई **घरमा बच्चा नजन्माउने (Zero Home Delivery)** गाउँपालिकाको रुपमा घोषणा गरिनेछ।
- **गर्भवतिको साथी उपाध्यक्ष कार्यक्रम** लाई थप प्रभावकारी बनाउन **गर्भवति तथा सुत्केरीको साथी उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइने छ।**
- स्वास्थ्य संस्थाहरुमा संचालित वर्थिङ सेन्टरहरुलाई अत्याधुनिक र सुबिधा सम्पन्न बनाउनुको साथै वर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरिनेछ।
- नेपाल सरकारको नागरिक स्वास्थ्य बीमा कार्यक्रम सहज र सफल बनाउन **म स्वस्थ मेरो गाउँपालिका स्वस्थ** जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याउनुको साथै बिमा अभिकर्ताहरुलाई उत्प्रेरित गराईने छ।
- **गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरी सकिएको हुदा** सो को निरन्तरताको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- वाल मृत्युदर तथा मातृ मृत्युदर घटाई ५ वर्ष मुनिका बालबालिकाहरुमा पोषण स्थिती सुधार गर्न आमा समूहहरुलाई सकृय बनाईने छ ।
- युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका कार्यक्रम लगायत गाउँ घर क्लिनिक संचालन कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाईने छ।
- **स्वास्थमा हुन्छ धैरै हानी, नसुधारे खानपान र आनीबानी** नाराका साथ उग्ररुपमा बढिरहेको मधुमेह, उच्च रक्तचाप, श्वास प्रश्वास रोग तथा थाईराईड जस्तो नसर्ने रोगहरु नियन्त्रण गर्न विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- कोभिड विरुद्धको खोप लगाई कोरोना आतंकलाई निरुत्साहित बनाईने छ।

- गर्भवति महिलाहरुको लागि प्रत्येक महिना यस गाउ पालिकाको विभिन्न **९ वटा स्वास्थ केन्द्र** बाट प्रदान गर्दै आईरहेको **निःशुल्क क्याल्सियम चक्की बितरण, रगत-पिसाब जाच र भिडियो एक्सरे सेवा**लाई थप प्रभावकारी बनाउदै लगिनेछ।
- यस गाउँपालिकामा १० शैयाको निर्माणाधिन अस्पताल छिटो भन्दा छिटो निर्माण सम्पन्न गरि गाउँ वासीलाई सेवा प्रवाह गर्दै क्यान्सर, मृगौला तथा मुटु रोगीहरुको लागी उपचारमा आर्थिक सहयोग गर्न आन्तरिक श्रोत उपयोग गरिने छ।
- यस गाउँपालिकाका नागरिक विरामी भई रगत आवश्यक पर्दा रगत समयमै र सहजै प्राप्त नहुने परिस्थितिको अन्त्य गर्न स्वास्थ कार्यालय र जिल्ला स्थित रक्त सञ्चार सेवा तथा सम्बन्धित निकाय सँग समन्वय गरी सहजै समूहअनुसारको रगत प्राप्त गर्न पालिकाले आवश्यक सहयोग गर्ने नीति लिएको छ ।
- जेष्ठ नागरिकहरुलाई घरघरमै गई जेष्ठ नागरिक घरदैलो स्वस्थ्य जाच तथा उपचार कार्यक्रम सञ्चालनमा निरन्तरता दिईनेछ।
- **बृद्ध बृद्धाको संरक्षक पालिका** भन्ने मुल उद्धेश्य लिई यस पालिका भित्र रहेका सम्पुर्ण **८० बर्ष माथीका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्यमा समस्या भएको बेला औषधी उपचार गर्न कसैको मुख ताक्न नपरोस भनेर सम्पुर्ण ८० बर्ष माथीका जेष्ठ नागरिकलाई दिदै आईरहेको मासिक रु.१ हजार रुपैयालाई हामिले विगतका वर्षहरु देखिनै कार्यान्वयनमा ल्याएकोमा यसलाई आगामि दिनमा समेत निरन्तरता दिईनेछ** ।
- प्रत्येक वडामा बर्षमा एक पटक विशेषज्ञ डाक्टरको उपस्थितिमा जेष्ठनागरिकहरुको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने कार्यलाई निरन्तरता दिईनेछ।देशका ठुला निजी तथा सरकारी अस्पताल सँग समन्वय गरेर यस्ता निःशूल्क शिविरको संख्या बढाईनेछ ।
- स्वास्थ्य क्षेत्रका मेरुदण्डका रुपमा स्थापित महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई उच्च मनोबलका साथ समुदायमा काम गर्न प्रेरित गर्ने उद्देश्यले स्वयंसेविकालाई उत्प्रेरणा कार्यक्रम अन्तर्गत सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई मासिकरुपमा उत्प्रेरणा स्वरुप प्रदान गर्दै आएको मासिक भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।साथै महिला स्वास्थय स्वयंसेविका महासंघका सिफारिसको आधारमा गाउँकार्यपालिकाले तयार गरेको कार्यविधि अनुसार सम्मान जनक विदाई कार्यक्रमलाई निरन्तरता दिईने छ।
- प्रत्येक महिना बच्चा लिएर आउदा बच्चाको आमालाई १ प्याकेट आयोनुन संगै **बच्चा जोख्नु, नुन बोकनुस स्वास्थ्यकर्मी सँग पोषण सम्बन्धि कुरा गर्नुहोस** त्यसको लागि प्रत्येक पटक बच्चा जोख्न आउदा रु. **सय** को रिचार्ज कार्ड उपलब्ध गराउँदै आएकोमा सो कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन वर्षमा एक पटक भएपनी सम्पुर्ण विद्यार्थीहरुको स्वास्थ्य जाच गर्ने र प्रत्येक विद्यालयबाट १ जना शिक्षकलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिई विद्यार्थीहरुको प्राथमिक उपचारलाई थप प्रभावकारी बनाईने छ ।

- सफल मोतियाविन्दुको निःशूल्क अप्रेशन शिविरलाई निरन्तरता दिईनेछ ।
- यस पञ्चकन्या गाउपालिकामा कार्यरत सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको निःशूल्क स्वास्थ्य बिमा गराईनेछ।
- आर्युवेदिक प्राकृतिक चिकित्सा, योग, घरेलु चिकित्सा पद्धति सहितको एकृकित स्वास्थ सुधारका कार्यक्रम सञ्चालन गरिने छ।

**ख) शिक्षा तथा सीप विकास :**

- "**हाम्रो विद्यालय स्वच्छ र सफा शिक्षालय**" अभियानलाई साकार पार्न **"Clean School, Green School"** कार्यक्रम सञ्चालन गरी विद्यालय परिसरमा वृक्षारोपण र सरसफाई गरी वातावरण हराभरा बनाई विद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा विकास गरिने छ ।
- बालविकास कक्षामा अध्ययनरत वालबालिकाहरुका लागि सिकाइमा अभिवृद्दि गराउन बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापनको लागि अनुदान तथा सामग्री खरिदका साथै **ECD Corner** को स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सामुदायिक विद्यालयमा रहेका तालिम प्राप्त अनुभवी शिक्षक र शिक्षण नवप्रवेशी शिक्षकहरुको अनुभव साटासाट तथा क्षमता अभिवृद्धिको लागि **Teacher Exchange Program** र पालिका स्तरमा विषयगत समूहलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ।चेतनामा आधारित शिक्षा कार्यक्रमलाई जोड दिईने छ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता अभिवृद्धि र शिक्षण सिकाइमा भइरहेका नवप्रवर्तनलाई शिक्षण सिकाइमा उपयोग गर्न बागमती प्रदेश सरकार, विभिन्न गैरसरकारी संघ-संस्थासँगको साझेदारीमा कार्यासम्पादन र नतिजामा आधारित भई बिषयगत तालिमको व्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयलाई सूचना प्रविधीमैत्री बनाई शिक्षण सिकाइमा यसको सघन प्रयोग मार्फत विद्यार्थीलाई प्रविधि प्रति जागरुक बनाउन सामुदायिक विद्यालयमा **Internet** तथा **Digital** सिकाइ सामग्रीको पहुँचको विस्तार र आवश्यक प्राविधिक सहयोग उपलब्ध गरिनेछ।घुम्ती शिक्षकको अवधारणालाई कार्यान्वयनमा ल्याईने छ।
- गाउँपालिका भित्र अध्ययनरत विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रष्फुटन र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न पालिका स्तरीय शैक्षिक तथा विज्ञान प्रदर्शनी, अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन गरिनेछ।
- विद्यालयमा करार, राहत,अस्थायी र स्वयंसेवक शिक्षकहरु नियुक्त गर्दा शिक्षक सेवा आयोगबाट वैकल्पिकमा सिफारिस भएका उम्मेदवारहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

- मूल्याङ्कन पद्दतिलाई थप व्यवस्थित र स्तरीकृत बनाई गाउँपालिका स्तरको शैक्षिक आधार तय गर्न गत शैक्षिक सत्रबाट लिइदै आएको आधारभूत तह उत्तीर्ण परीक्षालाई निरन्तरता दिदै आगामी वर्ष देखि कक्षा ५ को उपलब्धि परीक्षा समेत गाउँपालिका स्तरमा सञ्चालन गरिनेछ।
- विद्यालयको दैनिक समय तालिकालाई पाठ्यक्रमले निर्देश गरे बमोजिम प्रत्येक विषयमा तोकिएको पाठ्यघण्टा पूरा हुनेगरी परियोजना र प्रयोगात्मक सिकाइका लागि अनुकुल बनाउन विद्यालयहरुलाई अभिमूखीकरण गर्ने नीति लिइनेछ ।
- उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालयलाई मापदण्डका आधारमा पुरस्कृत गर्ने नीति लिइने छ ।
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (९-१०) मा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा नभएका विद्यालयहरुका लागि बिशेष अनुदानको व्यवस्था गरिने छ ।
- स्थानीय भुगोल, स्थानीय विषयवस्तुलाई समेटेर तयार भएको गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रमलाई विद्यालयहरुमा क्रमशः कार्यान्वयन गर्ने नीति लिइने छ ।
- गाउँपालिकाको समग्र शैक्षिक सुशासन कायम गर्न सरोकारवालाहरुको समन्वय, सहकार्य र साझेदारीमा शिक्षा नीति, ऐन, कानून तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।
- माध्यमिक तह उत्तीर्ण गर्ने दलित, आर्थिक रुपमा विपन्न परिवारका विद्यार्थी तथा प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई उच्च शिक्षाको लागि आवश्यक सहयोग स्वरुप छात्रवृत्ति उपलब्ध नीति लागु गरिनेछ।
- गाउँपालिकाले राज्यकोषबाट सुविधा उपभोग गर्ने नागरिकका सन्तानलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्साहन गर्ने नीति लिनेछ ।
- विद्यालयमा उपलब्ध विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक तथा कर्मचारीहरुको दरवन्दी मिलान तथा समायोजन गरिनेछ ।
- विद्यालयको कार्यसम्पादनलाई प्रभावकारी, नतिजामूलक र उत्तरदायी बनाउन गाउँपालिकाबाट नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गरिने छ ।
- साक्षरता, दिवाखाजा कार्यक्रमका लागि विभिन्न गैरसरकारी संघ-संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन र आवश्यकताका आधारमा कार्यक्रम विस्तार गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरुको मौजुदा शिक्षक संख्यालाई आधार मानी शिक्षा ऐन, नियमावलीले निर्धारण गरेका शिक्षक दरवन्दी अपूग भएका विद्यालयलाई विषयगत शिक्षकको आवश्यकताका आधारमा कार्यविधि बमोजिम स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिनेछ ।

- विद्यालयको आन्तरिक नियन्त्रण प्रणाली र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाबाटै चौमासिक रुपमा सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ।
- गाउँपालिका भित्रका शिक्षक, कर्मचारी, विद्यार्थीले आ-आफ्नो जातजाति र धर्म संस्कृति अनुसारको मौलिक पहिचान खुल्ने पहिरन हप्ताको एक दिन प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाले विद्यालयका प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षक/कर्मचारीसँग कार्यसम्पादन करार गरी कार्यजिम्मेवारी बोधलाई सुदृढ गरिने छ।
- गाउँपालिकाको प्रत्यक्ष व्यवस्थापनमा सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि कुनै एक माध्यामिक विद्यालयलाई पाइलट प्रोजेक्टको रुपमा छनौट गरी कार्यविधि बनाई गाउँपालिका, गैरसरकारी संस्था र निजी क्षेत्रको सहकार्य र समन्वयमा नमूना विद्यालयको रुपमा सञ्चालन गर्ने नीति लिईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि प्रधानाध्यापक नियुक्ति गर्दा शैक्षिक योग्यता,पेशागत दक्षता तथा प्रशासकीय कार्यकुशलतालाई अभिवृद्धि गर्न प्रतिस्पर्धात्मक प्रणालीको विकास गरिने छ ।

**(ग) खानेपानी तथा सरसफाई**

- **"स्वच्छ र सफा पिउने पानी : स्वास्थ जिन्दगानी "** लाई सफल पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा एक **"घर एक धारा"** को नीति अनुरुप स्वच्छ र सफा पिउने पानी लाई उच्च प्राथामित्क्ता साथ अगाडी बढाईने कार्यलाई निरन्तरता दिईनेछ।
- खानेपानीको मुहान संरक्षण तथा सुरक्षित खानेपानीको लागी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ। साथै मुहान दर्ता र अभिलेखिकरणलाई व्यवस्थित गरिने छ ।
- मुहान र स्रोतको पहिचान गरेर मात्र खानेपानीको पाईप वितरण गरिने छ।
- गाउँपालिका भित्रका चुनौतीको रुपमा रहेको खानेपानी अभावको अन्त्य गरी जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ।
- जलपुर्नभरण योजना र वर्षाको पानी संकलन गर्ने प्रविधि सवै वडामा सम्भाव्यता हेरी उपयोगमा ल्याइनेछ।
- खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा, फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गरिने छ।
- संघीय सरकार र प्रदेश सरकार वाट प्राप्त हुने विशेष अनुदानलाई खानेपानी आयोजना निर्माण तर्फ केन्द्रित गर्दै खानेपानी समस्याको समाधान गरिने छ।
- बहुवर्षिय खानेपानी आयोजना सञ्चालन गर्न विभिन्न गैरसरकारी संस्था सँग समन्वय र सहकार्य गरी आर्थिक तथा प्राविधिक स्रोतको खोजी गरिने छ।

- **"पञ्कन्याको सान, पूर्ण सरसफाई युक्त पालिका हाम्रो अभियान "**भन्ने मुल नाराका साथ वडा तथा पालिका स्तरमा सरसफाईका विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।
- वातावरणीय तथा पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक नीति लिईने छ।
- गाउँपालिका भित्र उत्पादन हुने फोहरमैला व्यवस्थापन गर्न आवश्यक नीति लिइने छ।
- खानेपानी उपभोक्ता समितिहरुलाई वातावरण तथा सरसफाई प्रति उत्तरदायि बनाइने छ।
- गाउँपालिका भित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरुलाई यथाशिघ्र सम्पन्न गरिदै लगिने छ।

**घ) महिला,वालवालिका र सामाजिक संरक्षण :**

- बालअधिकार तथा बाल संरक्षणका लागि स्थानिय बाल अधिकार समिति मार्फत विविध कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिका पुनस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, असक्त स्याहार केन्द्र स्थापना तथा सञ्चालन गर्न संघीय सरकार तथा प्रदेश सरकार संग पहल गरिनेछ।
- **बालबालिकामा लगानी बढाऔ-भविष्य**का कर्णधारलाई फुलाऔ भन्दै बालमैत्री स्थानिय शासनलाई अबलम्बन गर्दै बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गरिनेछ।
- बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बालविवाह, बहुविवाह, दाइजोप्रथा जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा तथा सामाजिक कुरीति, कु-संस्कार एवं रुढिबादी परम्पराको अन्त्य गर्न सास्कृतिक सुधार कार्यक्रमलाई बालक्लव मार्फत सञ्चालन गरिनेछ। **"हामी अझै सानै छौं बढ्न देउ, विवाह होइन लेख्न र पढ्नदेउ"** भन्ने अभियानका साथ बालविवाह विरुद्धको कार्यक्रम सञ्चालन गरिने छ।
- **पञ्चकन्याको बालक, सम्बृद्धिको चालक** भन्ने नाराका साथ बालक्लब मार्फत बालबालिका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- **टुहुरा तथा दलित विद्यार्थीको साहारा अध्यक्ष कार्यक्रम**लाई निरन्तरता दिइनेछ।
- **वडा अध्यक्षहरु संग अपाङ्ग वालवालिका कार्यक्रम** संचालन गरिने छ।
- किशोरीहरुको वहुआयामिक विकासका लागि जीवन उपयोगी सीप सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- एकल महिला लक्षित जिविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई प्रकृती अनुसारको परिचयपत्र वितरण गरी सीपमूलक तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका अपाङ्गता वर्गको अभिभावकको छोरा छोरी तथा विद्यार्थीहरुमा शैक्षिक सहयोग प्रदान गरिनेछ ।
- गाउँपालिका भित्र महिला हिंसा न्यूनीकरणका लागि आवश्यक कार्यक्रम ल्याईनेछ।
- महिलाहरुलाई स्वावलम्बी बनाउन आवश्यक सीप बिकासका कार्यक्रम ल्याईनेछ।

- महिलाहरुको प्रतिस्पर्धात्मक क्षमता विकास र सशक्तीकरणको लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक उत्तरदायि बजेट तयार गरि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई मूलप्रवाहीकरणमा ल्याइनेछ।
- लैङ्गिक तथा यौनजन्य दुर्व्यहार निवारणका लागि आचारसंहिता पूर्ण पालना गरि कुनै पनि कार्यालय वा सार्वजनिक स्थलमा हुने यौनजन्य दुर्व्यहारहरु न्यूनिकरणका लागि पहल गरिनेछ
- जेष्ठ नागरिक सञ्जाल गठन गरि अन्य आबश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- वाल दिवस, नारी दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता दिवसीय कार्यक्रमहरु सञ्चालन गरि मनाइने छ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, आदिवासी, जनजाति, दलितको उत्थान तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरी स्थानीय सरकारको व्यवस्था गरे बमोजिम **भाषा साहित्य गीत संगित ललितकला र चलर्चित्रको संरक्षण** गरी रहेको सर्न्दभमा यसलाई अझै मर्यादीत र व्यवस्थीतरुपमा सञ्चालन गर्न नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ बमोजिम पञ्चकन्या गाउँपालिकामा प्रज्ञा प्रतिष्ठान गठन गरीनेछ।

**(ङ) युवा तथा खेलकुद :**

- **"पञ्चकन्या गाउँपालिकाका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"** भन्ने मुलनाराका साथ गाउँपालिका स्तरिय चेयरमेन कप भिलबल प्रतियोगितालाई निरन्तारता दिइने छ।
- गाउँपालिका स्तरीय खेलमैदान निर्माण गरिने छ। साथै बस्ती स्तरीय खेलकुद मैदान निर्माण कार्यक्रम ल्याइने छ।
- **खेलको माध्यमद्धारा समृद्धको खोजी गर्न सकिन्छ** भन्ने उद्देश्यका साथ गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन विविध खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई क्रियासील गराउन आवश्यक सहयोग गरिनेछ।
- **एक वडा एक खेल मैदान** निर्माण कार्यलाई अगाडी बढाईने छ।

## ३) पूर्वाधार विकास

### क) वस्ती विकास, आवास तथा भवन :

- गाउँपालिका क्षेत्रमा **नयाँ घर निर्माण गर्दा नक्सापास सहित, भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२** लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ।
- पञ्चकन्या गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरिनेछ साथै अतिक्रमित सार्वजनिक जग्गा खाली गराईनेछ।
- भवन निर्माणलाई व्यवस्थित गर्न **गाउँपालिकाको भवन निर्माण आचारसंहिता बनाई लागु** गरिने छ। साथै व्यवस्थित शहरीकरणलाई प्राथमिकता दिई सोही बमोजिम गुरुयोजना निर्माण गरी अधि बढिने छ।

### ख) स्थानीय सडक, निर्माण तथा मर्मत :

- ग्रामिण सडकहरुको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ।
- गाउँपालिकाको सडक गुरुयोजना अनुसार सडकको स्तर विभाजन गरि निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- हालसम्म ट्र्याक निर्माण भएका वडा स्तरका मुख्य तथा सबै शाखा सडकहरुको स्तरोन्नती गरिंदै लगिनेछ।
- हरित सडकको अवधारणा अनुसार सडक किनाराहरुमा उपभोक्ताहरुको सहभागितामा वृक्षारोपण गर्ने कार्य अगाडि बढाइनेछ।
- गाउँपालिका भित्र रहेका ग्रामीण क्षेत्रलाई क्रमिक रुपमा विकासका पूर्वाधारहरु निर्माण गरी सहरीकरण गरिनेछ।
- आवश्यकता पहिचान गरी झोलुङ्गे पुल तथा पक्की मोटरेवल पुल निर्माणको कार्य अगाडि बढाइनेछ।
- गाउँपालिकाको केन्द्र रहेको क्षेत्र लाकुरीभन्ज्याङ, घलेभन्ज्याङ, बानीयाटार, सहरेटार,बुढासेरा आसपास लगायत गाउँपालिका क्षेत्रभित्र बस्ती बढिरहेको अन्य उपर्युक्त स्थानहरुको पहिचान गरि भविष्यमा बस्ति विकास बढ्दै जाने संभावनालाई मध्यनजर गर्दै यस क्षेत्रको योजनाबद्ध विकासको लागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ।
- **"विकासको मुख्य आधारः दिगो पुर्वाधार"** भन्ने अभियान लाई सार्थक वनाउन अगाडी बढाउंदै पुर्वाधार निर्माणमा दिगोपना सुनिश्त गरिनेछ।
- ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरि सवै सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ।
- गाउँपालिका केन्द्र देखि वडा कार्यालय सम्म जोड्ने सडकलाई स्तरउन्नती गर्दै लगिने छ ।
- गाउँपालिका भित्रका सडकहरुलाई मापदण्ड अनुसारको स्तरउन्नतीको कार्यलाई प्रभावकारी बनाईनेछ।
- आवश्यक खोलाहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

- निर्माण भइसकेका झौलुङ्गेपुलहरुमा हेरालुको प्रबन्ध गरी नियमित मर्मत संभारको व्यवस्था गरिने छ।

**ग) विद्युत तथा वैकल्पिक उर्जा :**

- विद्युत प्रसारणको क्षमता हेरी विद्युत प्रसारण लाईन तथा ट्रान्समिटरको क्षमता बृद्धिमा पहल गरिने छ ।
- गाउँपालिका क्षेत्रका सार्वजनिक चोकहरुमा सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँबासीलाई सौर्य उर्जा उत्पादनलाई प्रोत्सान गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।

**घ) सूचना,संचार तथा प्रविधि :**

- यस गाउँपालिकाको विकासको विषयमा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने उत्कृष्ट पत्रकार छनौट गरि उत्कृष्ट विकास पत्रकारीता पुरस्कार प्रदान गर्न, यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरीने विभिन्न विज्ञापन, पोस्टरिङ, सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम, यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण विषगत शाखा र वडा तहवाट नियमित प्रकाशित हुने सन्देश, शुभकामना लगायत सूचना सामाग्रीहरुको छपाई तथा प्रसारण गर्ने सञ्चार माध्यामहरुलाई सूचीकृत गरि प्रविधि व्यवस्थापन जस्ता कार्यक्रमहरुको लागी ठोस नीति लिईनेछ।
- नेपाल टेलिकम लगायत अन्य सेवा प्रदायकसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा इन्टरनेट सेवाको सुनिश्चिताको लागी पहल गरिने गरिनेछ।
- गाउँपालिकाका सबै वडाहरुलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा आवश्यक जनशक्ति तथा सञ्चार पूर्वाधार ब्यवस्थापनमा जोड दिईने छ।
- युवा पुस्तालाई सक्षम र सबल बनाउनका लागि सूचना सञ्चार प्रविधिको उपयोग गरिनेछ।
- सूचना र प्रविधिको माध्यबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपार्टीको विकास गरिनेछ।
- गाउँपालिका र वडा कार्याहरुलाई सूचना मैत्री कार्यालयको रुपमा विकास गरी नागरिकको सूचनाको हकको सम्मान गरिनेछ।
- गाउँपालिको प्रत्येक बस्तिहरुमा बाह्रै महिना चल्ने टेलिफोन सेवाको लागि आवश्यक पहल गरिनेछ।
- प्रत्येक वडा कार्यालयलाई सूचना सञ्चारको दृष्टिले थप प्रविधि मैत्रि बनाउनका लागि पहल गरिनेछ।
- गाउँपालिकामा रहेका सबै सर्वजनिक सेवा प्रवाहलाई आम नागरिकमा सु-सूचित बनाउन आवश्यक व्यवस्था मिलाईनेछ।

- जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधिमैत्री बनाउन तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- कार्यलयमा आवश्यक सफ्टवेर संचालनमा ल्याई पेपरलेस पालिका बनाउन जोड दिइनेछ।
- सेवा प्रवाहलाई अझै व्यवस्थित बनाउन नयाँ प्रविधि सँग जोडिदै त्यसलाई विस्तार गर्दै लगिनेछ।

## (४) वन तथा वातावरण :

### क) वन, हरियाली तथा जैविक विविधता :

- गाउँपालिका क्षेत्रभित्र रहेको सरकारी तथा सामुदायिक बनको संरक्षण गर्न उपभोक्ता समितिलाई क्रियाशिल बनाईनेछ।
- गाउँ क्षेत्रका सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षारोपण कार्य अगाडि बढाइनेछ भने आवश्यकता अनुसार जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- **डढेलो लगायत वन विनास प्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा** सबैलाई सहभागिता गराइनेछ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ।
- **पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति न्यूनीकरण गर्ने उपाय अबलम्बन** गरिनेछ।
- सामुदायिक वन क्षेत्र भित्रका उपभोक्ताहरुको भेला गरी उपभोक्ता समितिको गठन गरी क्षेमता अभिवृद्धिलाई प्रथमिकता दिई निरन्तरता दिइनेछ।

### ख) भू-संरक्षण,जलाधार व्यवस्थापन :

- वृक्षरोपण र तारवार लगाई गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने तथा पानी भकारी (प्लाष्टिक पोखरी) निर्माणका लागि आवश्यक योजना सञ्चालन गरिनेछ।
- भिरालो भूवनोटका कारण हुनसक्ने बाढि पहिरो, भूक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्यून गर्न दिगो भू-संरक्षण नीति अवलम्वन गरिनेछ।

### ग) वातावरण तथा फोहोरमैला व्यवस्थापन :

- **"सफा र सुन्दर पञ्चकन्या, हराभरा र स्वच्छ पञ्चकन्या"** भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरु सञ्चालन गरिने छ।
- **फोहोरमैला व्यबस्थापन सम्बन्धी कार्यक्रम** सञ्चालन गरीनेछ।
- प्लाष्टिक जन्य वस्तु वातावरणीय दृष्टिकोणमा हानिकारक हुन भन्ने कुराको चेतना अभिवृद्धि गरी यसको विकल्पमा कपडा जन्य तथा कागज जन्य झोलाहरुकोप्रयोग गर्न प्रोत्साहित गरिने छ।

- घरआँगनबाट निक्लने फोहरको पहिचान गरि सड्ने गल्ने फोहरलाई आफ्नै घरबारीको मल खाडलहरुमा व्यवस्थित गर्ने र अन्य नगल्ने फोहरहरुलाई मोहरमा परिणत गर्न सकिने रणनीति अबलम्बन गरि जनचेतना मुलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**घ) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन :**

- विपद ब्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ। कोषको रकम बृद्धि गरि प्रभावकारी काम गर्न विपद् क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघ-संस्थाहरुसंग सहकार्य गरिनेछ।
- **संभावित विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाका सबै वडमा प्राकृति प्रकोप जनचेतना कार्यक्रम** सञ्चालन गरिनेछ।
- **विपद् जोखिमबाट बच्चनका लागि पूर्व तयारी सचेतना कार्यक्रम** सञ्चालन गरिनेछ।
- सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद् व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाका सडक निर्माण लगाएतका विकास निर्माण कार्य सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङकन (EIA) गरी विकासलाई वातावरण मैत्री बनाईनेछ।
- आकस्मिक रुपमा घटेका प्राकृतिक तथा मानव निर्मित प्रकोपबाट घटेका घटनाको सहयोगका लागी विपद् व्यबस्थापन कोषको व्यबस्था गर्ने निति लिईने छ।
- पञ्चकन्या गाउँपालिका भित्र रहेका बन जङ्गलको संरक्षणको लागी सामुदायिक बन उपभोक्ता मार्फत सचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ।
- जलबायु परिवर्तनको असर तथा विविध कारणले पानीका मुहानहरु सुक्दै जाने स्थिति देखिएको सन्दर्भमा परम्परागत कुवा, धारा पंधेरा जस्ता पानीको श्रोतहरुको बिशेष संरक्षण गरिने छ।
- जलवायु परिवर्तन अनुकुल क्षमता बढाउन बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पञ्चकन्या गाउँपालिकाको हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ।
- जलवायु परिवर्तनको प्रभावबाट पर्ने असरहरु र बच्ने उपायका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ।
- **ढुंङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृति स्रोतहरुको अनाधिकृत एवं अवैधानिक दोहनलाई नियन्त्रण** गरिनेछ ।

## (५) संस्थागत विकास

### क) नीति, कानून, न्याय तथा सुशासन :

- गाउँपालिकाका कार्यहरुलाई पारदर्शि बनाईने छ। डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था गरी नागरीकलाई सुशासनको अनुभुति दिलाउने गरी कार्य सञ्चालन गरिनेछ।
- गाउँ प्रहरी सँग कार्यसम्पादन करार गरी गाउँ प्रहरीले गर्ने कार्य सम्पादनमा अभिवृद्धि गर्ने नीति अवलम्वन गरिने छ।
- गाउँपालिका द्धारा सञ्चालित योजना तथा कार्यक्रममा जनसहभागिता परिचालनलाई जोड दिईनेछ। योजना सञ्चालनमा अनिवार्य रुपमा स्थानीयको लागत सहभागिता गर्नुपर्ने नीति अवलम्वन गरिने छ।
- उपभोक्ता समिति मार्फत गरिने योजनाहरुको समिति बनाउँदा अनुभवी, कुशल र स्वच्छ छबी वनाएका समुहको सहभागीतामा बढि जोढ दिईने छ । जनश्रमदानको व्यवस्थालाई थप महत्व दिइनेछ।
- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरुको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडा समिति र गाउँपालिकामा गाउँपालिका उपध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रवाट सवै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइनेछ।
- नागरिक बडापत्रका बारेमा सेवाग्राहीलाई सचेत गरिदै लगिनेछ।
- सूचनाको हक सम्बन्धी कानून बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराइनेछ।
- गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ।
- स्थानीय तह बाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ। गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ। विकास कार्यहरुको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारी प्रशासन संयन्त्रलाई थप सबल, सक्षम, समावेशी, जवाफदेही, सदाचारी र पारदर्शी बनाइने छ।

- कार्यपालिका सदस्य र गाउँ सभाका सदस्यहरुलाई थप सकृय वनाई सेवा प्रवाहलाई जनमैत्री बनाईनेछ।
- वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारका रुपमा विकास गरिनेछ। वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न वनाउदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ।
- गाउँपालिका भित्रका सबै कार्यालयहरुमा आवश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार, ईन्टरनेट प्रणाली, सूचना प्रणालीको बिकास गर्दै जनप्रतीनिधी तथा कार्यालयका कर्मचारीहरुलाई क्षमता बिकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- वित्तिय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिबृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त, दुरुस्त र कम्प्युटराईज गरिनेछ ।
- कार्यक्रम तथा बजेटको आय व्यय विवरण सजिलै देखिने ठाउँमा टाँस गर्नुका साथै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाबाट हुने सम्पूर्ण कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत सञ्चालन गर्ने प्रकृया अघि बढाइनेछ ।
- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ ।
- समिक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनलाई प्रवर्धन हुने कार्यक्रमहरु सञ्चालन गरीनेछ।
- भ्रस्टाचारजन्य क्रियाकलाप प्रति शून्य सहनसिलताको अवधारणा मार्फत शुसासनमा टेवा पुऱ्याईनेछ। बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ।
- स्थानीय स्तरमा रहेका देवानी प्रकृतिका विवादहरुलाई स्थानीय स्तरमै निरुपण गर्ने प्रयोजनार्थ न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता विकासको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- **न्याय सम्पादन कार्यविधि,२०७५लाई समायानुकुल संशोधन गरी** कार्यविधिअनुरुप विवादहरु समाधान गरिनेछ।
- स्थानीय स्तरको विवाद निरुपणमा सामुदायिक मेलमिलापकर्ताहरुको भूमीका प्रभावकारी बनाउन गाउँपालिकामा रहेका सामुदायिक केन्द्रहरुलाई संस्थागतरुपमा सवल बनाइनेछ ।
- गरीव असहाय तथा पिछडीएका नागरिकहरुका लागि निःशूल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराईने छ ।
- पालिकाबाट हालसम्म निर्माण भएको ऐन, कानूनहरुलाई संकलन गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।

## ख) संगठन, क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह :

- **"स्थानीय सरकार, लोकतन्त्रको आधार"** भन्ने मुल नारालाई यथार्थतमा रुपान्तरण गर्न गाउँपालिकाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र नागरिक मैत्री बनाईनेछ ।
- गाउँपालिकाको प्रशासनलाई अझ वढी स्वच्छ, सक्षम, निष्पक्ष, चुस्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै लगिनेछ।
- संगठन तथा व्यवस्थापन सर्भेको प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ।
- कार्यसम्पादन करार गरी गाउँपालिका भित्रका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरीनेछ।
- कर्मचारीको कार्यसम्पादनलाई नतिजामा आधारित मूल्याङ्कन गरी दण्ड पुरस्कार प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- निर्माण हुन बाँकी वडा कार्यालयहरुको भवनको निर्माण कार्य यथासक्य छिटो सूचारु गरिने छ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँचको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका नागरिकलाई सरकारी सेवामा प्रवेश गराउने उद्देश्य अनुरुप लोक सेवा आयोग र शिक्षक सेवा आयोग तयारी कक्षाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- दर्ता, चलानीको अभिलेख सफ्टवयेर मार्फत प्रयोगमा ल्याईनेछ।
- जनप्रतिनिधि तथा राष्ट्र सेवक कर्मचरीहरुको लागि दुर्घटना बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

## ग) राजश्व तथा स्रोत परिचालन :

- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन राजश्व सुधार कार्ययोजनाको व्यवहारत कार्यान्वयन गरी व्यवस्थित रुपमा राजश्व संकलन गर्ने प्रणालिको विकास गरिनेछ।
- राजश्व व्यवस्थापनलाई प्रवाभकारी, वैज्ञानीक र प्रविधिमैत्री बनाउन अनलाईन प्रणालिबाट मात्र राजश्व संकलन गर्ने प्रणालिको विकास गरिनेछ।
- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न करको दायरा वढाई गाउँपालिका भित्रका सबै नागरिक, उद्यमी र व्यवसायीलाई करको दायरामा ल्याईनेछ।

- आन्तरिक स्रोतको परिचालनलाई व्यवस्थित वनाउन गाउँपालिकामा राजश्व इकाई तथा कार्यरत जनशक्तिको व्यवस्थापन गरिनेछ।
- करदाताको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदातालाई पुरस्कार र सम्मान गरिनेछ।
- स्थानीय तहको राजश्वको अधिकार सम्बन्धी सम्पूर्ण सरोकारवाला निकाय तथा नागरिकहरुमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- कर प्रशासनलाई सूचना प्रविधि मैत्री एवं करदाता मैत्री तुल्याउदै लगिनेछ ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शिता जवाफदेहिता र नागरिकमा सन्तुष्टि कायम हुने गरी कार्यसम्पादन गरिनेछ ।
- गाउँको आन्तरिक आय अभिबृद्धि गर्न आन्तरिक आय सुदृढीकरण कार्य योजना अनुरुप करको दायरालाई बढाउँदै सहभागितामूलक करनीति अवलम्बन गरिनेछ ।
- **स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले** गाउँबासी, उद्योग वाणिज्य संघ, स्थानीय विद्यालय सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ।

**घ) तथ्याङ्क, योजना तथा विकास व्यवस्थापनः**

- गाउँपलिकाको समग्र सूचना संकलन गरी गाउँपालिकाको प्रोफाईल बनाई अद्यावधिक गर्दै लगिनेछ।
- साविक गाविस हुँदा देखिका अभिलेखहरुलाई कम्प्युटराईज गरी सुरक्षित राख्ने तर्फ पहल गरिनेछ।
- समयमै व्यक्तिगत घटना दर्ता गराउन पालिका र वडास्तर सम्म जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई ब्यवस्थित गर्न बैङ्किङ प्रणालीलाई थप प्रभावकारी बनाईने छ ।

६. संघीय सरकार र प्रदेश सरकार सँगको समन्वय, सहयोग र सहकार्यलाई अझबढी प्रगाढ बनाइने छ। संविधान प्रदत्त अधिकारको प्रयोग गर्न आवश्यक थप कानून निर्माण गरिनेछ। संघीय र प्रदेश स्तरका गाउँपालिकामा कार्यन्वयन हुने योजनाहरुको अनुगमन र सुपरीवेक्षणको कार्यलाई मजबुत बनाउँन पहल गरिनेछ।

७. **"प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार,स्थानीय सरकार"** को यथार्थतलाई महशुस गर्दै गाउँपालिकाले निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँगको साझेदारी र सहकार्यलाई

निरन्तरता दिईनेछ। गाउँपालिकामा पूर्व स्वीकृत र समन्वय वेगर यसक्षेत्रमा योजना तथा कार्यक्रम सञ्चालनको अनुमती दिईने छैन।

**आदरणीय सभाकासदस्य ज्यूहरु,**

८. हाम्रा सामु चुनौतिका चाङमात्र छैनन् संभावनाको फराकिलो आधारहरु पनि छन्। प्राप्त भएको परिवर्तन र उपलब्धीको संरक्षण गर्दै लोकतन्त्र र सुशासनको जगमा शान्त, समृद्ध र सहिष्णु समाज निर्माणको जिम्मेवारी हामीमा रहेको छ। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले समृद्ध पञ्चकन्या निर्माणको हाम्रो सामुहिक अभियानलाई सार्थक बनाउने विश्वास लिएको छु।

९. अवको हाम्रो यात्रा विषयक्षेत्रगत एवं वडागत संरचना र इकाइहरुको संस्थागत सुदृढीकरण मार्फत सुशासन तर्फ केन्द्रीत हुन जरुरी छ। उपलब्ध स्रोत, साधनको दक्षतापूर्ण, मितव्ययी र प्रभावकारी परिचालनवाट गाउँपालिकाको साझा सोच, लक्ष्य र गन्तव्य हाँसिल गर्न सकिन्छ। यस नीति तथा कार्यक्रममा सबै सरोकारवाला पक्षवाट पूर्ण सहयोग मिल्ने आशा, भरोषा र विश्वास लिएको छु।

**अन्त्यमा,**

१०. पञ्चकन्या गाउँपालिकाको समग्र विकासमा योगदान गर्नुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेव कर्मचारी, श्रमिक, किसान, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र, सहकारी संस्थाहरु, गैरसरकारी र सामुदायिक क्षेत्र लगाएत सबै सरोकारवालाहरुमा हार्दिक धन्यावाद ज्ञापन गर्दछु।